# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खराड १ ] काठमाडौं मार्ग ११ गते ०८ साल [ संख्या १६

## भाग १

## मन्त्रिमराडलालयको सूचना

मार्ग ६ गते २००८

२००८ साल मार्ग १ गते शुक्रवार भएको मन्त्रि-मराडल बैठकको निर्णय:—

१. मन्त्रिमराडलको बैठक—२००८ साल मार्ग ५ गते उप्रान्त मन्त्रि-मराडलको बैठक सोमवार र शुक्रवार गर्ने गरो आएकोमा अबदेखि मङ्गलवार र शुक्रवार गर्ने निर्णय भयो ।

२. नवनियुक्त मन्त्रिमराडलका मन्त्रीहरुको कार्यभार तल लेखिएबमोजिम ठेक्ने निर्णय भयो :—

१ श्रीमाननीय प्रधानमन्त्री मातृकाप्रसाद कोइराला—साधारण राज्य-व्यवस्था र परराष्ट्र.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ श्रीमाननीय सुवर्णशमशेर ज. ब. रा.—अर्थ .
३ श्रीमाननीय सूर्यप्रसाद उपाध्याय—गृह र खाद्य .
४ श्रीमाननीय भद्रकाली मिश्र—यातायात र लोकनिर्माणकार्य .
५ श्रीमाननीय गणेशमानसिंह— कृषि, पशुसंरक्षण र भूमिव्यवस्था .
६ श्रीमाननीय केसरशमशेर ज. ब. रा.—रक्षा .
७ श्रीमाननीय महेन्द्रविक्रम शाह — उद्योग वाणिज्य र रसद .
८ श्रीमाननीय महावीरशमशेर ज. ब. रा. योजना विकाश, खानी, वन र विद्युत.
९ श्रीमाननीय खड्गमानसिंह—संसदीय प्रबन्ध .
१० श्रीमाननीय सारदाशमशेर ज. ब. रा —शिक्षा .
११ श्रीमाननीय नारदमुनि थुलुंग—स्थानीय स्वायत्तशासन .
१२ श्रीमाननीय भगवतीप्रसादसिंह— कानून र न्याय .
१३ श्रीमाननीय नरबहादुर गुरुङ—राज्यमन्त्री .
१४ श्रीमाननीय धर्मरत्न यमी—उपमन्त्री .

शेक्रेटरी—कानून र न्यायमन्त्रालय.

## सूचना

मार्ग १० गते २००८

०८ साल मार्ग १ गतेका श्री ५ महाराजाधिराजको घोषणाबमोजिमको राज्यमन्त्री श्रीनरबहादुर गुरुङ र उपमन्त्री श्रीधर्मरत्न यमी क्याबिनेटबाट बोलाउ भएकोमा मात्र क्याबिनेटको बैठकमा बस्नुहुनेछ ।

शेक्रटरी—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

१०।८।०८

ललितपुर भक्तपुरका नाउँमा साबिक भैरहेको सवाल बदली नयाँ सवाल भै गएकोबाट देहायमा लेखिएबमोजिम अदालतका नाउँमा चाहिने बेहोराको आदेश गरी पठाउनु भन्ने लेखिआएकोले र भक्तपुर अदालतका नाउँमा आदेश भै गएको छ ।

मुद्दामा पक्राउ कारवाई गर्नालाई पल्टनिया खटाउनुपरेमा सु. जमादार हुद्दामा १, सिपाही १० जवानसम्ममा नबढाई कामअनुसार अदालतका कामदार कारिन्दासमेत खटाई लेखिएबमोजिम गर्नु गराउनु भन्ने साबिक सवाल भैरहेकोमा मुद्दा मुद्दामा पक्राउ कारवाई गर्नुपर्ने परी आई अदालतले मद्दत माग्न आएमा पल्टनिया जवान खटाउनुपर्ने देखियो भने पल्टनबाट सुबेदार, जमादार, हुद्दामा १, सिपाहीमा १० जवानमा नबढाई अदालतका कारिन्दा साथ खटाई दिने ललितपुर भक्तपुर बृगेडका बृगेडियरका नाउँमा सवाल भै गएकोले सोबमोजिम मद्दत माग्नुपरेमा बृगेडियरसित मद्दत मागी काम चलाउनुहोला ।

नाबालक बूढा लुला लङ्गडा र नालीस गर्न नसक्ने गरिबलाई ठूलाठालाले जोर जुलुम गर्‍यो भनी कराउन आएमा बृगेडियरले अदालतबाट ठाडै बुझ्न लाउने मनासिब देखिन आए दस्खत गरी पठाई बुझ्न लगाई छिन्न लाउनु भन्ने साबिक सवाल भैरहेकोमा लेखिएबमोजिम बदमासहरूले जोरजुलुम गरे भनी तपाईंसग ठाडै कराउन आएमा अदालतबाट ठाडै बुझ्न लगाउनुपर्ने तपाईंको चित्तले देखेको अदालतमा आदेश पठाई ऐन सवालबमोजिम छिन्न लगाउने ललितपुर भक्तपुर बृगेडियरका नाउँमा सवाल भै गएकोले सोबमोजिम बृगेडियरबाट पक्राउ भै ठाडै कारवाई गर्न बृगेडियरले पठाएकोमा ऐन सवालबमोजिम कारवाई गरी छिनिदिनुहोला ।

गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।